तथ्यसंगत र व्यवहारिक देखिदैन । उपरोक्त विश्लेषणका
आधारमा दुवै बोलपत्रदाताहरुको प्राविधिक पक्ष मान्य
बमोजिम नै रहेकोले स्यान्यो इन्टरनेशनल प्रा० ली
काठमाण्डौले कबोल गरेको अंक भन्दा फोर्स कान्सट्रक्सन
एण्ड एशोसियटस प्रा० ली. काठमाण्डौले कबोल गरेको
अंक रु. १,९५,०००/- (एक लाख पन्चानब्बे हजार)
ले कम भएकोले फोर्स कन्स्ट्रक्सन एण्ड ऐशोसियटस
प्रा० ली० को बोलपत्र स्विकृत गरी आशय-पत्रको सुचना
प्रकाशन गर्न गुलरिया नगरपालिका नगर कार्यपालिका
मा सिफारीस गर्ने भनि निर्णय गरेको ।

गुलरिया नगरपालिकाको बोलपत्र मूल्यांकन
समितीले गरेको सिफारीस अनुसार यस कार्यालयको
मिती २०७५/११/१९ गतेको आदेशानुसार आगामी नगर
कार्यपालिकाको बैठकमा पेश गरी बैठकको निर्देशन
अनुसार गर्ने भन्ने भएको ।

मिती २०७५/११/२१ गते बसेको गुलरिया नगर-
पालिका नगरकार्यपालिकाको बैठकको निर्णय नं ३ मा
मोटर ग्रेडर खरिद सम्बन्धमा मूल्यांकन समितीको
प्रतिवेदन अनुसार हाल टेण्डर स्विकृतीको आशय-पत्र
सबै भन्दा कम कबोल गर्ने ठेकेदार कम्पनीका नाममा
निकाल्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन
भएको ।

उपरोक्त सिफारीस आदेश र प्राप्त निर्देशन अनुसार
गुलरिया नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट
मिती २०७५/११/२५ मा Force Construction and Asso
ciates pvt. ltd. Kathmandu का नाममा बोलपत्र
स्विकृतीका लागि छनौट गर्ने आशयको सूचना प्रकाशन
भएको । मोटर ग्रेडर खरिद सम्बन्धमा प्रकाशित आशय
को सूचनालाई आधार मानी प्रतिस्पर्धी बोलपत्र-
दाता SANYO International pvt. ltd. काठमाण्डौ
ले मिती २०७५/११/३१ मा उक्त मिती २०७५/११/२५ मा